आज मिति २०७६ साल भाद्र ०७ गते बिहान ८: ०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष | |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष | |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य | |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य | |
| श्री देवराज चौलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

आमन्त्रित/बैठक सहयोगी

मनहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हर्नैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

निर्णय नं.१

मनहरी गांउपालिकाको आ.ब.०७६/०७७.को लागी रासी,मनहरी र अन्य खहरेहरुबाट संकलन गर्न मिल्ने प्रारम्भिक बाताबरणीय परिक्षण मुल्याङ्कन प्रतिबेदनमा उल्लेखित परीमाण बराबर नदीजन्य पदार्थ ढुङ्गा गीटी बालुवा लगायत श्रोतको उत्खनन एबम् निकासी कार्यको र आ.ब.०७५/०७६ मा निकासी गरि बिभिन्न क्रसर तथा बालुवा उधोगहेरु र फर्म कम्पनी सप्लायर्स संग बांकी रहेको स्टकमा प्रदेश कानुन बमोजिम दररेटमा बिक्रि शुल्क (आन्तरीक कर) संकलन गर्नकालागी नियमानुसार ठेक्का बन्दोबस्ती लगायत कार्य अगाडी बढाउने निर्णय गरियो।

निर्णयं नं.२

आगामी आ.व.०७६/०७७ को लागी बिनियोजित पूंजीगत तर्फको वडागत सार्बजनिक निर्माण आयोजनाहरु नियमानुसार कार्याम्वियन गर्नकालागी उपभोक्ता समिति गठन गरि पठाउने लगायत कार्य गर्नकालागी सम्बन्धित योजनाको बिबरण समेत संलग्न गरि पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं.३

आ.ब.०७५/०७६ मा नियमानुसार निकासी गरि बिभिन्न क्रसर तथा बालुवा उधोगहरुमा बांकी रहेको र यस अघि कार्यालयको सुचना समयाबधि भित्र बिभिन्न फर्म कम्पनी सप्लायर्सहरुले पेश गरेको बिबरण अनुसार राजस्व परामर्श समितिको बैठकले प्रमाणीकरण गर्ने भनि सिफारिस गरेको एबम केही क्रसर उधोगबाट यस अघि कार्यालयको प्राबिधिक टोलीबाट नांपजाच हुंदा छुट भएकोमा पुन नांपजांच भई पेश भएको बिबरण समेत संलग्न तपशील बमोजीमको नदीजन्य पदार्थ ढुङ्गा गीटी बालुवा लगायत सामग्रीको मौज्दात प्रमाणीत गरि स्टकबाट निकासी सुचारु गर्न यस अघिको राजस्व परामर्श समितिको निर्णय बमोजीम सिफारिस भएकोमा सोही बमोजीम स्टक प्रमाणीत गर्ने निर्णय गरियो । साथै सोही स्टकबाट मिति २०७६-०५-०२ देखि भएको निकासी कार्य र सो कार्यबाट सुरु गरिएको आन्तरीक राजस्व संकलन सम्बन्धि सम्पूर्ण कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।साथै यस अघि तिनदिने सुचनाको समयाबधि भित्र आफ्नो खुल्ला डम्पिङ्ग को मौज्दात प्रमाणीत गर्न छुटः भएका फर्म कम्पनी सप्लायर्स हरुको लागी पुनः एकपटकका लागी तिन दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं | उधोग फर्म कम्पनि सप्लायर्सको नाम | ईकाइ | प्रमाणीत मौज्दात परिमाण |
|---|---|---|---|
| १ | संतोषी बालुवा उधोग | घनमीटर | १०१२८ |
| २ | जय मनहरी बालुवा उधोग | घनमीटर | १४५०० |
| ३ | बर्तौला वास प्लान्ट | घनमीटर | १५१५ |
| ४ | कामना क्रसर उधोग | घनमीटर | १४८७५ |
| ५ | चतुर्मुखि क्रसर उधोग | घनमीटर | २८८६२ |
| ६ | जनसेवा क्रसर उधोग | घनमीटर | २५२५४ |
| ७ | ओमशान्ति क्रसर उधोग | घनमीटर | ८३५५ |
| ८ | स्वस्तिक क्रसर उधोग | घनमीटर | २१२०८ |
| ९ | त्रिमुर्ति क्रसर उधोग | घनमीटर | ३३६३५ |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १० | मनकामना क्रसर उधोग | घनमीटर | ३२७० |
| ११ | आफ्नै बालुवा उधोग | घनमीटर | ५००८ |
| १२ | सिम्पानी बालुवा उधोग | घनमीटर | १०२६ |
| १३ | दाङसिङ सेन्डको ईन्डुस्ट्रीज प्रा.लि. | घनमीटर | ५३१४ |
| १४ | मनहरी क्रसर उधोग प्रा.लि. | घनमीटर | १५०५७ |
| १५ | दुर्गा लक्ष्मी एग्रीगेट्स प्रा.लि. | घनमीटर | ५८८० |
| १६ | भोलन सप्लायर्स | घनमीटर | २७६० |
| १७ | साधना सप्लायर्स | घनमीटर | २९६० |
| १८ | आर.आर.सप्लायर्स | घनमीटर | ३६०० |
| १९ | सन्देश सप्लायर्स | घनमीटर | ४००० |
| २० | एस.आर.सप्लायर्स | घनमीटर | १८०० |

साथै उल्लेखित प्रमाणीत परिमाणको बिबरण जिल्ला समन्वय समितिमा जानकारीको लागी पठाउने समेत निर्णय गरियो ।

**निर्णय नं ४.**

जिल्ला समन्वय समितिबाट प्राप्त आ.ब.०७६/०७७ को लागी बिभिन्न निर्माण सामग्री तथा ज्यालाको जिल्ला दररेट लाई स्थानिय आबस्यकता बमोजिम परिमार्जन गर्न गठीत स्थानिय दररेट निर्धारण समितिबाट केही बुंदाहरुमा गरिएको सम्सोधन सहीतको मनहरी गा.पा.को आ.ब.०७६/०७७ को दररेट लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

मनहरी गांउपालिकामा लागु भएको भबन निर्माण सम्बन्धि मापदण्ड २०७५ बमोजीम मापदण्ड लागुहुनु पूर्व निर्माण भएका भबनहरुको नक्सा तयार गरि अभिलेखिकरणकालागी मिति २०७६-०५-०८ देखि २०७६-०९-३० सम्मको समयावधि तोकी सम्बन्धित सबैकोलागी सुचना प्रकाशन गर्ने निर्णय गरियो ।साथै आर्थिक ऐन २०७६ मा घरको नक्सा पास गर्न अथवा पर्खालको नक्सा पास गर्न लाग्ने शुल्कमा गोठ,टहरा आदी कच्ची संरचना बनाउंदा समेत नक्सा पास आबस्यक पर्नेमा सो को लागी लाग्ने दस्तुर उल्लेख हुन छुट भएकोमा पछि गांउसभाबाट निर्णय भएबमोजिम हुने गरि हाललाई प्रति स्क्वायर फिट रु.२ कायम गरि त्यस्तो कच्ची संरचना वा टहराको नक्सा पास गरिदिने व्यबस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ६**

आ.ब. ०७६/०७७ को लागी बिनियोजित चालु खर्च शीर्षक अन्तर्गतका बिभिन्न कार्यक्रम क्रियाकलापहरु मध्य वडागत रुपमा नतोकिएका कार्यक्रमहरुको वडा तथा स्थान तोकि तयार भएका प्रस्तावनाहरु स्वीकृत गरि कार्यान्वयनलाई निरन्तरता दिने साथै त्यसरी तय गरिएका कार्यक्रमहरु अध्यक्ष/उपाध्यक्ष एबम सम्बन्धित वडा अध्यक्ष संग समन्वय गरि संचालन गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

आ.ब.०७६/०७७ को निति तथा कार्यक्रममा उल्लेख भई बजेट समेतको व्यबस्वथा भएको थाहा निशुल्कः स्वास्थ्य बिमा कार्यक्रमको कार्यान्वियनकोलागी तयार भएको स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वियन कार्यबिधि-२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ८

आ.ब,०७६/०७७ को बार्षिक बजेटमा उल्लेखित सार्बजनिक निर्माण आयोजना तथा अन्य पूंजीगत/चालु कार्यक्रम क्रियाकुलापलाई चौमासिक रुपमा बिभाजन गरि कार्यान्वियनका लागी तयार भएको बार्षिक कार्ययोजना-२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९

मिति २०७६-०६-०३ गतेका दिन पर्ने चौथो संबिधान दिबस भव्य र सभ्य रुपले मनाउन बिभिन्न कार्यक्रमको आयोजना तथा संचालन गर्नको लागी तपशील बमोजिम एक मुल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

तपशीलः

| | |
|---|---|
| मनहरी गांउपालिका अध्यक्ष | संयोजक |
| मनहरी गांउपालिका उपाध्यक्ष | उप संयोजक |
| सबै वडाका वडा अध्यक्षहरु | सदस्य |
| कार्यपालिकाका सबै सदस्यहरु | सदस्य |
| सबै राजनैतिक दलका प्रतिनिधिहरु | सदस्य |
| सबै वडा सदस्यहरु | सदस्य |

साथै उक्त कार्यक्रमलाई सफल बनाउन बिभिन्न कार्यक्रम,पुरस्कार, प्रोत्साहन तथा सम्मान आदीकालागी चालु खर्च शीर्षक बिभिन्न पुरस्कार प्रोत्साहन कार्यक्रम अन्तरगतको रु.१ लाख र खाजा खाना लगायत अन्य बिबिध खर्चको लागी भैपरी कोषबाट रु.२लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १०

आ.ब.०७६/०७७ को लागी तपशीलका वडाकोलागी तपशीलका स्थानमा निर्माण गर्नेभनि सार्बजनिक निर्माण योजना अन्तर्गत बिनयोजित बिभिन्न कलभर्ट तथा कज्वेको बृस्तित परियोजना प्रतिबेदन (DPR) तयार गर्नुपर्ने भएकोले सो कार्यकोलागी परामर्श सेवा खरीद गर्न प्राबिधिकबाट तयार भएको कार्य शुची बिबरण (TOR) र ल.ई.स्वीकृत गर्ने,मौजुदा सुचिमा रहेका परामर्शदाता कम्पनीसंग सार्बजनिक खरिद ऐन २०६३ एबम् नियमावली २०६४ को प्राबधान बमोजिम सोझै खरीद प्रकृया अगाडी बढाउने र उक्त कामकोलागी लाग्ने लागत सम्बन्धित योजनामा बिनियोजन भएको रकमबाटै खर्च लेख्ने निर्णय गरियो ।साथै वडा नं १-५ सम्मको बस्ति तथा खेती योग्य जमिन संरक्षणको उद्धेश्यबाट बिनियोजित चुरे क्षेत्र संरक्षण कार्यको डी.पी.आर.लगायत कार्यको लागी बिनियोजित बजेटबाट सो सम्बन्धि बृस्तित परियोजना अध्यन कार्यकोलागी रु.७ लाख बिनियोजन गर्ने र नियमानुसार परामर्श सेवा खरीदको प्राबधान बमोजिम Master plan प्रतिबेदन तयार गर्ने निर्णय गरियो ।

तपशीलः

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| सि.नं | योजनाको नाम | वडा स्थान | स्वीकृत भएको ल.ई. | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | ट्रवाङ्ग्रा लामिटार पुल निर्माण | ४ | २७५००० | सम्बन्धित योजनाबाट कट्टा गरि |
| २ | शिद्धकाली देखि मकरी जोड्ने पुल निर्माण | ३ र १. | ४००००० | सम्बन्धित योजनाबाट कट्टा गरि |
| ३ | गोलघर देखि मिलडांडा जोड्ने पुल निर्माण | ४ र ३ | ४००००० | सम्बन्धित योजनाबाट कट्टा गरि |
| ४ | भुन्द्रङ्ग पाल दमार-१ र हांडीखोला का[illegible]मा १ गरि दुईवटा पुल निर्मा[illegible] | ३ | ७२५००० | सम्बन्धित योजनाबाट कट्टा गरि |

निर्णय नं ११

यस मनहरी गांउपालिकाको बिभिन्न वडा कार्यालयहरुको हाल सम्म पनि आफ्नो भवन नभएको कारण भाडामा बस्दै आइरहेकोमा आफ्नै वडा कार्यालय भवन बनाउन आ.ब.०७६/०७७ को बार्षिक बजेटमा र जिल्ला समन्वय समितबाट समेत रकम बिनियोजन भएकोले प्राबिधिकबाट तयार भएको तपशीलका वडाहरुको भवन डि.पी.आर.,डिजाईन तथा ल.ई. स्वीकृत गरि निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशीलः

| सि.नं | वडा नं | कित्ता नं | क्षेत्रफल | स्वीकृत ल.ई. | श्रोत |
|---|---|---|---|---|---|
| १ | १ | २०३० | ०-०-१५ | १३९०००००। | पूंजीगत शीर्षकको केन्द्र तथा वडा कार्यालय भवनमा बिनियोजित, जिल्ला समन्वय समितिको अनुदान र प्रदेश सरकार समपुरक |
| २ | २ | १३४५ | ०-२-०-० | १३९०००००। | पूंजीगत शीर्षकको केन्द्र तथा वडा कार्यालय भवनमा बिनियोजित, जिल्ला समन्वय समितिको अनुदान र प्रदेश सरकार समपुरक |
| ९ | ९ | ३१७३ र ३१७६ | ०-१-११ र ०-०-४-२.५ | १३९०००००। | पूंजीगत शीर्षकको केन्द्र तथा वडा कार्यालय भवनमा बिनियोजित, जिल्ला समन्वय समितिको अनुदान र प्रदेश सरकार समपुरक |
| ५ | ५ | नखुलेको | सामुदायीक बन क्षेत्रको ऐलानी | १३९०००००। | पूंजीगत शीर्षकको केन्द्र तथा वडा कार्यालय भवनमा बिनियोजित, जिल्ला समन्वय समितिको अनुदान र प्रदेश सरकार समपुरक |

निर्णय नं १२

वडा नं ७ को मनहरी बजार तथा गांउपालिका क्षत्रभित्रका अन्य घना बस्तीहरुमा तत्कालै फोहर व्यबस्थापनको लागी गांउपालिका संग भएको ट्रयाक्टरको प्रयोग गर्ने र सो ट्रयाक्टरमा फोहर उठाउने तथा खसाल्ने कार्यको लागी दुई जना मजदुरलाई दैनिक ज्यालादारीमा काममा लगाउने सो कामकोलागी लाग्ने पारिश्रमिक फोहर व्यबस्थापन चालु खर्च शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो । साथै दीर्घकालीन फोहर व्यबस्थापनको लागी गांउपालिका स्तरीय एक फोहर

व्यबस्थापन योजना(Waste management plan) बनाउन परामर्श सेवा खरीद गर्ने सो कामको लागी रु.२ लाख परामर्श तथा अन्य सेवा शुल्क खर्च शीर्षकबाट रकम बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

मनहरी गांउपालिकाको पांचौ गांउसभाबाट निर्णय भए बमोजिम गत आ.ब.०७५/०७६ मा निकासी गरि बिभिन्न क्रसर तथा बालुवा उधोग र फर्म कम्पनी सप्लायर्सको हातामा रहेको नदीजन्य पदार्थ ढुङ्गा गीटी बालुवाको प्रमाणीत डम्पिङ्ग अन्यत्र निकासी भइ जांदा लाग्ने प्रदेश कानुन बमोजिमको शुल्क अमानतमा उठाउने प्रयोजनको लागी तयारः भएको अमानतमा आन्तरीक राजस्व उठाउने सम्बन्धि कार्ययोजना २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।साथै गत बर्ष सोही कामकोलागी वडा नं ६ सुनाचुरी नाकामा बनाइएको अस्थायी कर चौकी सडक बिभागबाट हटाइएको हुंदा सो स्थानमा पुनःएक थान फलामे घुम्ति बनाइ प्रयोगमा ल्याउने र सोको लागी ढुङ्गा गीटी बालुवा तथा नदीजन्य पदार्थ व्यबस्थापन शीर्षकबाट रु.१५००००।बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

मनहरी गांउपालिका क्षेत्रका सबै वडाहरुमा रहेका सार्बजनिक पर्ति जग्गाहरुको संरक्षण गर्ने दायीत्व गांउपालिकाको भएको हुंदा सो दायीत्व लाइ मशसुस गरि त्यस्ता जग्गाको खोजी एबम् संरक्षण गर्ने प्रयोजनको लागी गांउसभाबाट रकम समेत बिनियोजन भएको संदर्भमा गांउपालिका स्तरीय एक सार्बजनिक पर्ति जग्गा संरक्षण समिति गठन गर्नुपर्ने भएकोले तपशील बमोजिम एक सार्बजनिक पर्ति जग्गा संरक्षण समिति गठन गर्ने र सो समितिंको नियमानुसार गठन तथा संचालन गर्न कार्यबिधि बनाउने समेत निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| गांउपालिका उपाध्यक्ष | संयोजक |
| राष्ट्रिय निकुञ्जका प्रतिनिधि-१ | सदस्य |
| मध्यबर्ती उपभोक्ता समितिका प्रतिनिधि-१ | सदस्य |
| डिभिजन बन कार्यालय रासीका प्रतिनिधि-१ | सदस्य |
| ई.प्र.का.मनहरीका प्रतिनिधि-१ | सदस्य |
| शसस्त्र प्रहरी बल आइ.आर.टी.पोष्ट कल्लेखोला | सदस्य |
| सम्बन्धित वडाका वडाअध्यक्ष | सदस्य |
| मनहरी स्थित राजनैतिक दलका प्रतिनिधि-१/१ | सदस्य |
| मनहरी गा.पा.राजस्व शाखा प्रमुख | सदस्य |
| मनहरी गा.पा.ईन्जिनियर-१ | सदस्य |
| मनहरी गा.पा.अमिन-१/जिल्ला नापी कार्यालय अमिन-१ | सदस्य |

**निर्णयं नं १५**

यस बर्षको श्राबण अन्तिम साता परेको भारी बर्षातको कारण क्षतिग्रस्त भई पुनःआवागमन सुचारु गर्नुपर्ने बाटोहरु तथा तत्काले संचालनमा ल्याउन पर्ने खानेपानी आयोजनाहरुको स्थलगत अनुगमन गरि मर्मतकोलागी लाग्ने मोटामोटी रकम समेतको प्रतिबेदन पेश गर्न सबै वडाहरुमा प्राबिधिक खटाउने निर्णय गरियो । साथै सो प्रतिबेदनको आधारमा आगामी कार्यपालिकाबाट निर्णय गरि त्यस्ता क्षेतीग्रस्त संरचना मर्मत गराउन आफ्नै श्रोतबाट सम्भव भएमा बिपद व्यबस्थापन

कोषबाट रकम बिनियोजन गराउने र ठूलो रकम लाग्ने आयोजनाको हकमा ३ नं प्रदेशमा लेखि पठाउने समेत निर्णय गरियो ।

निर्णय नं १६

गत आ.ब.मा ईलाका प्रहरी कार्यालय मनहरीको हाता भित्र सामुदायीक छलफल केन्द्र निर्माणको लागि बिनियोजित रकमबाट सो काम पुरा हुन नसकेकोले सो कामको लागी थप रु.१५००००।भैपरी आउने कोषबाट बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १७

३ नं प्रदेश सरकारबाट माग भएबमोजिम एक पालिका एक बिधालय एक नर्स कार्यक्रमको लागी तोकिएको मापदण्ड पुरा गर्ने मनहरी ७ स्थित श्री राष्ट्रिय रोटरी मा.बि.लाई सिफारिस गर्ने भनि गांउ शिक्षा समितिबाट समेत सिफारिस भएकोमा सो बिधालयमा नियमानुसार नर्स भर्ना गर्न सम्बन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं १८

३ नं प्रदेश आन्तरीक मामिला तथा कानुन मंत्रालयको च.नं.२३ मिति २०७६/०४/२३ को पत्रबाट यस गांउपालिकामा आ.ब.२०७६/०७७ मा साझेदारीमा संचालन गर्न सकिने गरी योजना माग भएकोमा तपशीलका योजनाहरुमा साझेदारी रकम बिनियोजन गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं | योजनाको नाम | वडा नं | प्रदेश सरकारबाट | गांउपालिकाबाट | कैफियत |
|---|---|---|---|---|---|
| १ | भिमान सहिद पार्क निर्माण | २ | २००००००। | २००००००। | क्रमागत योजना |
| २ | न्यायिक समितिको क्षमता बिकास | गा.पा. | १००००००। | १००००००। | |
| ३ | वडा तथा बिशेष बजार क्षत्रमा सी.सी.टीभी क्यामेरा जडान | आबस्यकता बमोजिम | ९०००००। | ९०००००। | |

निर्णय नं १९

कार्यालयमा गांउसभाबाट स्वीकृत भएको दरबन्दी मध्य भबन निर्माण सम्बन्धि मापदण्डको कार्यान्वयनमा सहजता ल्याउन तथा सार्बजनिक पर्ति जग्गाहरुको अभिलेखिकरण र संरक्षणको लागी अत्याबस्यक परेको अमिन (सहाय स्तर चौथो) पद-१ नियमानुसार बिज्ञापन गरि करारमा पदपुर्ति गर्न तत्काल सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष